# हाम्रो रत्ननगर हाम्रो गौरव

## स्थानीय पाठ्यक्रम

## आधारभूत तह (कक्षा १-८)

## २०७७

रत्ननगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रत्ननगर, चितवन, बागमती प्रदेश

स्थानीय विषयको पाठ्यक्रम निर्माण सल्लाहकार एवम् सुझाव समिति

श्री नारायण वन, नगर प्रमुख, रत्ननगर नगरपालिका

श्री विमला दुवाडी, नगर उपप्रमुख, रत्ननगर नगरपालिका

श्री भिम बहादुर कुँवर, प्रमुख प्रशासकीय अधिकृत, रत्ननगर नगरपालिका

श्रीमती सञ्जीवनी योञ्जन श्रेष्ठ, निर्देशक, वन्यजन्तु संरक्षण संघ नेपाल

पाठ्यक्रम निर्माण कार्यदल
संयोजक - श्री बद्री नारायण शर्मा भट्टराई नगर शिक्षा अधिकारी, रत्ननगर नगरपालिका

सदस्य - श्री शम्भु भट्टराई

सदस्य - श्री खगेश्वरी चालिसे

सदस्य - श्री हरि बहादुर खवास

सदस्य - श्री नविन खनाल

सदस्य - श्री भीमाकुमारी थापा

सदस्य सचिव - श्री राजेन्द्र प्रसाद बराल, नगर शिक्षा अधिकृत, रत्ननगर नगरपालिका

विषयवस्तु सम्पादन
सुभास चन्द्र खरेल, चितवन कार्यक्रम संयोजक, वन्यजन्तु संरक्षण संघ नेपाल

प्राविधिक तथा प्रकाशन सहयोग
नेपाल प्रकृति पाठशाला/ वन्यजन्तु संरक्षण संघ नेपाल (NPP/WCN)

प्रकाशक
रत्ननगर नगरपालिका, चितवन
प्रथम संस्करण - २०७७

आवरण तस्विर
वन्यजन्तु संरक्षण संघ नेपाल फोटोग्राफी कार्यक्रम
मुद्रण : सुरज प्रिन्टिङ्ग प्रेस
काठमाण्डौं

# भूमिका

स्थानीय आवश्यकतालाई उचित रुपमा संबोधन गर्न शिक्षालाई स्थानीय आवश्यकतामा आधारित बनाउने प्रयास विश्वव्यापी रुपमा भइरहेको छ । केन्द्रीय पाठ्यक्रमले विश्वव्यापीकरणतर्फ जोड दिने र स्थानीयतहलाई पूर्णरुपमा समेट्न नसकेको आवश्यकतालाई मध्यनजर गर्दै स्थानीय आवश्यकतामा आधारित शिक्षालाई थप एक विषयका रुपमा समावेश गर्दै स्थानीय विषय समेत समावेश गर्न सकिने प्रावधान रहेकाले आधारभूत तहमा १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरी स्थानीय आवश्यकताको पहिचान गर्दै यहीँको माटो सुहाउँदो मानव स्रोत उत्पादन गर्ने लक्ष्य रत्ननगर नगरपालिका"हाम्रो रत्ननगर हाम्रो गौरव"ले लिएको छ ।

पाठ्यक्रम विद्यालयका शैक्षिक कार्यक्रमहरुको मेरुदण्ड हो । यसले कुनै पनि शैक्षिक कार्यक्रमलाई संगठित र योजनाबद्ध ढङ्गले उद्देश्य प्राप्ति गर्न पूर्ण सहयोग गर्दछ । यसमा विद्यार्थीका चाख, समाजका आवश्यकता र विद्यार्थी एवं शिक्षकका क्रियाकलापहरु समावेश हुन्छन् । सो अनुरुप रत्ननगर नगरपालिका"हाम्रो रत्ननगर हाम्रो गौरव"ले पनि कलिला बालबालिकाको मानसपटलमा भोलिको समाजको सचित्र छवि बिजारोपण गर्न सकियोस्, देशका संवाहकका रुपमा रहेका आजका मुनाहरुम ाविदेश पलायनको सोच नपलाओस् र आफ्नो क्षेत्रले खोजेको/मागेको जनशक्ति उत्पादन गर्न टेवा पुगोस् भन्ने हेतुले रत्ननगर नगरपालिकाभित्र रहेका विभिन्न विद्यालय, बालबालिका, सामाजिकअगुवा, उद्यमी, व्यवसायी, शैक्षिक तथा प्राज्ञिक व्यक्तित्वहरुसँग प्रत्यक्ष र परोक्ष रुपमा भेट तथा सुझाव सङ्कलन गरी स्थानीयतहको आवश्यकताको केन्द्रमा पुगी आधारभूत तहका लागि १०० पूर्णाङ्कको यो पाठ्यक्रम निर्माण गर्ने सतत प्रयास गरेको छ ।

स्थानीय आवश्यकता स्थानीय तहबाट नै पहिचान गरी यहाँका धार्मिक, ऐतिहासिक, सांस्कृतिक, प्राकृतिक तथा पर्यटकीय महत्त्व बोकेका स्थलहरुको संरक्षण र संवद्धन गर्ने यत्न गरिएको छ । यसलाई बहुआयामिक, समयानुकूल, व्यावहारिक र प्रयोगात्मक रुपमा प्रस्तुत गरेर विद्यार्थीहरुका लागि अझ उपयोगी बनाउन तत्पर रहेको छ । आफ्नो क्षेत्रमा रहेका महत्त्वपूर्ण वस्तुहरुको परिचय गराई उनीहरुमा आफ्नो ठाउँ, कला, संस्कृतिको परिचित गराउनु र आफ्नोपनको सकारात्मक सोचको विकास गराउँदै श्रमप्रति सम्मान गर्ने, स्वाभिमानी, स्वावलम्बी बन्ने धारणाको विकास गराउनु आजको आवश्यकता हो । यसलाई पूरा गर्नका लागि केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय तहका तत् तत् विषय वस्तुलाई पूर्णता दिने उद्देश्यका खातिर स्थानीय विषयवस्तुका बारेमा चिनारी गराउने हेतुले यो पाठ्यक्रम तयार पारिएको हो । यस पाठ्यक्रम निर्माणमा क्षितिजीय र लम्वीय संगठन हुनु पर्दछ भन्ने कुरामा सोच रही निर्माण गर्ने प्रयास गरिएको छ ।

रत्ननगर नगरपालिका भित्रका धार्मिक सामाजिक, सांकृतिक, आर्थिक, प्राकृतिक, राजनैतिक, भौगोलिक आदि पक्षलाई समेट्ने प्रयास स्वरुप यस पाठ्यक्रममा देहायबमोजिमका क्षेत्रहरु र यसका क्षेत्र र क्रम तथा विस्तृतीकरण समेत समेटिएको छ :

क्षेत्र

१ : म र मेरो परिवार

२ : मेरो रत्ननगर

३ : सामाजिक मूल्य, मान्यता र संस्कृति

४ : मानव र वन्यजन्तुको अर्न्तसम्बन्ध

५ : स्थानीय प्राकृतिक सम्पदा र वातावरण संरक्षण

६ : सरसफाई र फोहोर व्यवस्थापन

७ : स्थानीय खेल र योग शिक्षा

८ : स्थानीय पर्यटन र व्यापार

९ : कृषि र पशुपालन

१० : सूचना र प्रविधि

११ : जलवायु परिवर्तन र विपद् व्यवस्थापन

१२ : सडक सुरक्षा

यो पाठ्यक्रम नगर प्रमुख श्री नारायण वन, उप प्रमुख श्री बिमला दुवाडी, प्रमुख प्रशासकीय अधिकृत श्री टुवराज पोखरेल, कार्यपालिका सदस्यहरु, रत्ननगर शिक्षा समिति, पाठ्यक्रम कार्यदलका संयोजक श्री बद्रि नारायण शर्मा भट्टराई र समग्र कार्यदल, शिक्षा युवा तथा खेलकूद शाखा प्रमुख एवं समस्त कर्मचारी, प्याब्सन रत्नगर,वन्यजन्तु संरक्षण संघ नेपालका पदाधिकारीहरु, शैक्षिक सरोकारवालाहरु, क्षेत्रीय होटल संघका पदाधिकारीहरु,उद्योगपति तथा व्यापारीहरु, वि.व्य.स. समितिका प्रतिनिधिहरु, शिक्षकवर्ग,विद्यार्थीहरु र सरोकारवालाहरुसँग प्रत्यक्ष बहस, छलफल, प्रश्नोत्तर,अन्तर्वार्ता,अन्तरक्रिया र सहमतिबाट तयार पारिएको हो । यस पाठ्यक्रमलाई मूर्त रुप दिई प्राविधिक तथा प्रकाशन कार्यमा उल्लेखनीय योगदान र सहकार्यका लागि वन्यजन्तु संरक्षण संघ नेपाल/नेपाल प्रकृति पाठशालालाई हार्दिक धन्यवाद ज्ञापन गरिन्छ। यसको टङ्कणमा सहयोग पुऱ्याउनु हुने रोजिना श्रेष्ठ र यसको निर्माणमा प्रत्यक्ष तथा परोक्ष रुपमा संलग्न रही आफ्ना अमूल्य रचनात्मक र सिर्जनात्मक सुझाव सम्प्रेषण गर्नुहुने सबैमा हार्दिक नमन ।

स्थानीय पाठ्यक्रम विकास कार्यदल

रत्ननगर नगरपालिका

# शुभकामना

बालबालिकाको ज्ञान, सिप र क्षमताको अभिवृद्धि रत्ननगरको समृद्धि भन्ने कुरालाई आत्मसाथ गरी स्थानीय पाठ्यक्रम विकास तथाकार्यान्वयनमार्गदर्शन (मातृभाषा सहित) २०७६ विकास गरी स्थानीय पाठ्यक्रमनिर्माणलाई सहजीकरण गर्ने प्रयास रत्ननगर नगरपालिकाले पनि गरेको छ । शिक्षालाई व्यावहारिक र जीविकोपार्जन गराउने, स्थानीयआवश्यकताको पहिचान र संरक्षण गर्ने मूल उद्देश्यका साथमा रत्ननगर भित्रका शैक्षिक, प्राज्ञिक, बौद्धिक तथा सरोकारवालाहरुसँगबाट रचनात्मक र सिर्जनात्मक सुझावहरुलाई शिरोधार्य गरी स्थानीय परिवेशलाई आधारमानीतयार गरिएको यो पाठ्यक्रमअत्यन्तै सराहनीय रहेको छ ।

विविधतामाएकता रहेको हाम्रो समाजमा समाजका सर्वपक्षीय वस्तुहरुलाई समेटी सिकाइलाई प्रभावकारी र व्यावहारिक बनाउने प्रयत्न गरिएको छ । स्थानीयताको गरिमा अभिवृद्धि गर्दै बाल मानसपलटमा आफ्नोपनको विकास र रुचिकाविषय समेटी सिकाइअभिवृद्धि गर्दै उनीहरुमा ज्ञान, सिपअभिवृत्ति, मूल्य र क्षमता जस्ता सक्षमताहरु हासिल गर्नमा यो पाठ्यक्रम सफलहुनेछ भन्ने आशा राख्दै पूर्ण कार्यान्वयनको शुभकामनादिन चाहन्छु ।

.........................

नारायण वन

नगर प्रमुख

# स्थानीय पाठ्यक्रम - २०७७

स्थानीय पाठ्यक्रमको ढाँचा

स्थानीय पाठ्यक्रमको शीर्षक : हाम्रो रत्ननगर हाम्रो गौरव

पाठ्यक्रमको प्रकृति : सैद्धान्तिक र प्रयोगात्मक

तह : आधारभूत

पूर्णाङ्क : १००

साप्ताहिक पाठ्यघण्टा : कक्षा १-३ मा साप्ताहिक ५ पाठ्यघण्टा र कक्षा ४-८ मा ४ पाठ्यघण्टा

जम्मा पाठ्यघण्टा : कक्षा १-३ मा वार्षिक १६० घण्टा र कक्षा ४-८ मा वार्षिक १२८ घण्टा

## भाग : १

## स्थानीय पाठ्यक्रमको आवधारणा

### १. स्थानीय पाठ्यक्रमको परिचय

केन्द्रबाट तय हुने पाठ्यक्रमले स्थानीय आवश्यकतालाई पूर्णरुपमा समेट्न सक्दैन भन्ने मान्यताको आधारमा स्थानीय पाठ्यक्रमको अवधारणा आएको हो । नेपाल एक बहुभाषी, बहुजाति, बहुधार्मिक र बहुसांस्कृतिक मूलुक हो । हरेक ठाउँका आवश्यकता र चाहना फरक फरक हुन सक्छन् । त्यसैले स्थानीय आवश्यकताका विषयवस्तुलाई मनन गरी त्यहीँका नागरिकको अपनत्व हुने गरी सम्बन्धित सरोकारवालाले स्थानीय ज्ञान, सिप र प्रविधिलाई समेटी विकास गर्ने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । यसमा केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय विषयवस्तु हुनु पर्दछ । जसले स्थानीय ज्ञानको प्रस्फुटन गर्नुका साथै नवीनतम ज्ञान र सिपको मार्ग दर्शन पहिल्याउन सहयोग गर्दछ। स्थानीय स्तरमा रहेका आवश्यकता र चाहनालाई सम्वोधन गरी भोलिका राष्ट्रका संवाहक आजका बालबालिकाहरुमा स्थानीय महत्त्वपूर्ण क्षेत्रको पहिचान गरी आफ्नोपनको महसुस गराउन सक्नुपर्दछ । यसरी निर्माण गरिएको स्थानीय पाठ्यक्रमलाई केन्द्रीय पाठ्यक्रमको खुड्किलोका रुपमा पनि लिन सकिन्छ ।

प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ का अनुसार, “स्थानीय सरोकारवालाको सहभागितामा स्थानीय आवश्यकता अनुसार विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो ।” त्यसैगरी प्राथमिक तहको पाठ्यक्रम निर्माण निर्देशिका अनुसार स्थानीय आवश्यकता, विषय क्षेत्र, विषयवस्तु, शैक्षणिक व्यवस्था र सामाग्रीको निर्माण गरी स्थानीय परिवेशको शिक्षा दिने कुरालाई स्थानीय पाठ्यक्रमको सैद्धान्तिक अवधारणाको रुपमा स्वीकारेको देखिन्छ ।

विगतमा संचालन गरिएको माध्यमिक शिक्षा सहयोग कार्यक्रम, विद्यालय क्षेत्र सुधार कार्यक्रमले पनि स्थानीय पाठ्यक्रम विकास सुधारमा जोड दिएका थिए ।

नेपालको संविधान २०७२ मा शिक्षा तथा भाषा तथा संस्कृति सम्बन्धि हकमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच मातृभाषामा शिक्षा पाउने तथा मातृभाषा प्रयोग गर्ने, सांस्कृतिक जीवनमा सहभागी हुने, भाषा, लिपि, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुने कुरा उल्लेख गरिएको छ । विद्यालय तह सम्मको शिक्षाको जिम्मेवारी स्थानीय सरकार मातहतमा रहने व्यवस्था गरिएको छ । स्थानीय सरकार संचालन ऐनले स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण गर्ने अधिकार उल्लेख गरिएको छ ।

यसरी माथि उल्लेखित परिभाषा र अवधारणा अनुसार स्थानीय पाठ्यक्रम भन्नाले स्थानीय सरोकारवाला पक्षले आवश्यक ठानेको विषयवस्तुलाई उनीहरुकै विज्ञता र सक्रियतामा कम लागतमा तयार गरिएको पाठ्यक्रम हो । स्थानीय पाठ्यक्रमले त्यस समाजका आवश्यकताहरुलाई संवोधन गर्दै सिकारुलाई सिकाइप्रति उत्प्रेरित गर्दछ । सिकाइमा स्थायित्व र व्यावहारिकता प्रदान गर्दछ । सिकारु र

शिक्षक बिच सामिप्यता ल्याउँछ। समाज र राष्ट्रप्रति उत्तरदायी र जवाफदेही हुन सिकाउँछ। स्थानीय परम्परा,मूल्य,मान्यता र संस्कृतिलाई जर्गेना गर्छ । नया ँसिप र प्रविधिलाई अर्न्तराष्ट्रिय बजारसम्म जोड्नका लागि सहयोग गर्छ। समुन्नत, समृद्ध र आधुनिक नेपाल निर्माणका लागि आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षमा टेवा पुऱ्याउँछ।

२. स्थानीय पाठ्यक्रमको महत्त्व र विशेषता :

स्थानीय पाठ्यक्रम प्रारुप २०७१ ले स्थानीय पाठ्यक्रमको विशेषता एवम् महत्त्वलाई निम्नानुसार बुँदागत रुपमा उल्लेख गर्न सकिन्छ।

- स्थानीय आवश्यकताको परिपूर्ति गर्ने
- स्थानीय मागमा आधारित हुने
- स्थानीय स्रोत, साधन, सिप र विज्ञताको उपयोग गर्ने
- स्थानीय स्तरमानै सिक्ने र सिकाउनेको सहभागिता सुनिश्चित गर्ने
- पाठ्यक्रम प्रति सरोकारवालाको अपनत्वको सिर्जना एवमं विकास हुने
- सरोकारवालाको सक्रिय सहभागिता बढ्ने
- समावेशीकरण, सहभागिता, निर्णय प्रक्रिया र जनअपेक्षाले स्थान पाउने
- रोगजार तथा स्वरोजगार अवसरहरु सिर्जना गर्ने
- व्यावहारिक पक्षलाई जोड दिने
- विद्यार्थी केन्द्रित प्रयोगात्मक विधिमा जोड दिने
- स्थानीयकरणले शिक्षकको सक्षमता र दक्षता अभिवृद्धि हुने

३. स्थानीय पाठ्यक्रमको सम्बन्धमा भएका व्यवस्था

स्थानीय पाठ्यक्रमलाई अवधारणागत रुपमा प्रष्ट्याउने क्रममा नेपालका विभिन्न दस्तावेजमा रहेका प्रावधानहरुलाई हेर्नुपर्दछ। हाल कार्यान्वयनमा रहेका नीतिहरुमा स्थानीय पाठ्यक्रमका बारेमा निम्नानुसार उल्लेख भएको छ।

३.१ नेपालको संविधान

नेपालको संविधान २०७२ भाग ३ को धारा ३१ मा शिक्षा सम्बन्धी मौलिक हकको व्यवस्था रहेको छ । यस धाराको उपधारा ५ मा नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने छ भन्ने प्रावधान रहेको छ। यसलाई व्यवहारतःकार्यान्वयनका लागि स्थानीय पाठ्यक्रम मार्फत समाजमा रहेका भाषा,लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदालाई जगेर्ना गर्ने प्रकृतिको ज्ञान, सिप र प्रविधि विद्यार्थीलाई दिनु जरुरी छ । शिक्षालाई वैज्ञानिक, व्यावसायिक,

सिपमूलक र रोजगार मूलक एवमं जनमुखी बनाउदै सक्षम प्रतिस्पर्धी नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने । धारा ५१ (ज)(१)

३.२ स्थानीय सरकार सञ्चालन ऐन २०७४

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ (ज) (४) मा मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन सम्बन्धी व्यवस्था गरी स्थानीय पाठ्यक्रमको कार्यान्वयन अवस्थालाई इङ्गीत गरेको छ । त्यस्तै उक्त ऐनको दफा ११ (ज) (१८) मा स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण,  प्रवर्द्धन र स्तरीकरण गर्ने कुरा उल्लेख गरिएको छ ।

३.३ पन्धौँ योजना (२०७६/०७७-२०७९/०८०)

पन्धौँ योजनाको उद्देश्य प्राप्तिका लागि परिलक्षित मानव संसाधन, पूर्वाधार तथा प्रविधिको विकास र जीवनोपयोगी ज्ञान र सिपमा आधारित पाठ्यक्रम मार्फत सबै तहको शिक्षामा गुणस्तर, सुनिश्चित गर्ने रणनीतिलाई विद्यालय शिक्षाको पाठ्यक्रम र पाठ्यपुस्तक समयानुकूल परिमार्जन गर्नुका साथै आधारभूत तहको कक्षा १-३ को एकीकृत पाठ्यक्रम कार्यान्वयन गर्दै आधारभूत तहको शिक्षण सिकाइका लागि आवश्यकता अनुसार माध्यम भाषाको रुपमा मातृभाषा वा स्थानीय भाषा वा नेपाली भाषा प्रयोग गर्ने व्यवस्था मिलाई संघीय तहबाट तोकिएको मापदण्ड बमोजिम विद्यालय तहको स्थानीय पाठ्यक्रम तथा पाठ्य सामाग्री स्थानीय तहबाट विकास गर्ने गरी स्थानीय तहको क्षमता विकास गरिने छ भन्ने कार्यनीति मार्फत प्राप्त गर्ने व्यवस्था गरिएको छ ।

३.४ राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०६३

नेपाल सरकारले विद्यालय शिक्षाको मूल दस्तावेजका रुपमा २०६३ सालमा राष्ट्रिय पाठ्यक्रम प्रारुप तयार गरिएको थियो । पाठ्यक्रम स्थानीय आवश्यकतामा आधारित बनाउनुपर्ने कुराले विश्वव्यापी मान्यता पाइसकेकाले नेपालमा निम्नानुसारका अभ्यास हुन थालेको पाइन्छ भनी यस प्रारुपले उल्लेख गरेको छ :

क) स्थानीय पाठ्यक्रमका सामान्य पथ प्रदर्शनका सिद्धान्त तयार गर्ने र त्यसैका आधारमा थप विषयवस्तु स्थानीय तहमा समावेश गर्ने ।

ख) केन्द्रीय पाठ्यक्रमको संरचनाका आधारमा निश्चित गरिएको पाठ्यभारका लागि विषयवस्तु छनौट देखि सम्पूर्ण प्रक्रिया स्थानीय तहमा नै विकास र व्यवस्थापन गर्ने ।

ग) स्थानीय तहमा नै स्थानीय परिवेश, व्यक्ति, समाज, राष्ट्र र विश्वव्यापी परिवेशलाई सम्वोधन गर्ने पाठ्यक्रमको विकास र व्यवस्थापन गर्ने ।

३.५ राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६

राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ मा स्थानीय पाठ्यक्रमका लागि कक्षा १-३ मा साप्ताहिक पाठ्यभार ५ अर्थात वार्षिक १६० घण्टा र कक्षा ४-८ मा यसका लागि४ पाठ्यभार अर्थात वार्षिक १२८ घण्टा छुट्याइएको छ । उक्त प्रारुपमा स्थानीय पाठ्यक्रम सम्बन्धमा निम्नलिखित कुरा उल्लेख गरिएको छ :

क) स्थानीय आवश्यकताको पहिचानमा स्थानीय तहमा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिने छ ।

ख) राष्ट्रिय पाठ्यक्रमको ढाँचाको आधारमा पाठ्यक्रमको स्थानीय तहमा अनुकूलन गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिने छ ।

ग) स्थानीय पाठ्यक्रममा आवश्यकता अनुसार विषयवस्तुहरु परिमार्जन तथा सिकाइ उपलब्धिको मापन गर्ने कार्य स्थानीय तहबाट गरिने छ ।

घ) स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्दा बालकेन्द्रित, स्थानीय आवश्यकतामुखी हुने गरी लचकता प्रदान गरिने छ ।

ङ) राष्ट्रिय पाठ्यक्रमको संरचना भित्र रही स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनका लागि प्राविधिक तथा व्यवस्थापकीय रुपमा स्थानीय तहलाई सक्षम र जिम्मेवार बनाइने छ ।

च) स्थानीय पाठ्यक्रम कार्यान्वयन, विद्यालयको वार्षिक कार्यक्रम, कक्षाकोठाको व्यवस्थापन तथा शैक्षणिक विधिका सम्बन्धमा विद्यालयले निर्णय लिने छ ।

छ) स्थानीय पाठ्यक्रमको स्वीकृति प्रदेश वा स्थानीय तहमा रहने पाठ्यक्रम सम्बद्ध संरचनाबाट हुने छ ।

३.६ विद्यालय क्षेत्र विकास योजना

सन् २०१६ देखि सन् २०२२ सम्मका लागि ल्याइएको विद्यालय क्षेत्र विकास योजनाले सिप सिकाउने सन्दर्भमा परम्परागत तथा स्थानीय ज्ञानको प्रयोग कसरी भइरहेको छ, सोको खोजी गर्ने र मातृभाषा, राष्ट्रिय भाषा तथा अन्तर्राष्ट्रिय भाषा गरी शिक्षण सिकाइका माध्यमका रुपमा त्रैभाषिक नीति अवलम्बन गर्ने व्यवस्था गरेबाट स्थानीय मातृभाषाको जगेर्ना र प्रयोगलाई संवर्द्धन गरेको छ ।

३.७ प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ र २०६५

प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ तथा २०६५ ले प्राथमिक तह (१-५) मा स्थानीय विषय/मातृभाषा विषयलाई पाठ्यभार ४ र पूर्णाङ्क १०० कायम गरेको छ ।

यसमा निम्नानुसार हुनुपर्ने व्यवस्था गरिएको छ :

क) विद्यालयमा पठनपाठन हुने मातृभाषाको छनौट गर्दा बहुसङ्ख्यक विद्यार्थीले बोल्ने मातृभाषा छनौट गर्ने,

ख) मातृभाषाको पठनपाठन गराउन नसकिने विद्यालयमा स्थानीय तहका लागि उपयोगी पेसा व्यवसाय, धर्म, परम्परा, संस्कृति, रीतिरिवाज, स्थानीय सम्पदा, वातावरण संरक्षण खेतीपाती, स्थानीय प्रविधि, चाडपर्व, सामाजिक व्यवहार आदि स्थानीय विषय छनोट गरी पठनपाठन गराउन सकिने,

ग) मातृभाषा/स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्य सामाग्री स्रोत केन्द्रको सहयोग र जिल्ला पाठ्यक्रम समन्वय समितिको समन्वयमा विद्यालयबाटै निर्माण गर्न सकिने छ । जिल्लाभर एउटै खालको विषय मिल्दो देखिएमा जिल्ला स्तर र स्रोत केन्द्र स्तरमा मात्र मिल्ने विषय भएमा स्रोतकेन्द्र स्तरीय रुपमा पाठ्यक्रम निर्माण गर्न सकिने,

घ) पाठ्यक्रममा स्थानीय अंश : सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षा विषयको २० प्रतिशत पाठ्यभारको पाठ्यक्रम र पाठ्य सामाग्री विद्यालय आफैंले निर्माण गर्न सक्ने छन् । यस्तो पाठ्यक्रममा सामाजिक अध्ययनका लागि ३२ घण्टी, सिर्जनात्मक कलाका लागि १९ घण्टी र शारीरिक शिक्षाका लागि १२ घण्टी निर्धारण गरिएको

ङ) स्थानीय विषयको पाठ्यक्रम अर्न्तगत संस्कृतको विषयवस्तु पनि पठनपाठन गर्न सकिने

३.८ आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०६९

आधारभूत तहको कक्षा ६ देखि ८ सम्मको पाठ्यक्रममा विद्यमान प्राथमिक तह कक्षा १-५ को पाठ्यक्रम भन्दा केही फरक व्यवस्था गरिएको छ । यसमा मातृभाषा वा स्थानीय विषय वा संस्कृत वा अन्य विषय भनी यसलाई पाठ्यभार ५ र पूर्णाङ्क १०० कायम गरिएको छ। संस्कृत र गुरुकुल शिक्षातर्फ स्थानीय पाठ्यक्रमका बारेमा व्यवस्था गरिएको छैन भने गोन्पा तथा विहार शिक्षातर्फ स्थानीय विषय वा बौद्ध वा शिक्षा वा सम्भोटा व्याकरण वा अन्य विषय भनी पाठ्यभार ५ र पूर्णाङ्क १०० कायम गरिएको छ । यी विषयलाई प्रष्ट पार्दै भनिएको छ :

क) विद्यालयमा पठन पाठन हुने मातृभाषाको छनोट पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक विकास तथा कार्यान्वयन स्थानीय निकायको परामर्शमा विद्यालय वा सम्बन्धित शैक्षिक संस्था आफैंले गर्ने

ख) स्थानीय विषयको हकमा स्थानीय तहका लागि उपयोगी सिप, धर्म, परम्परा, संस्कृति, रीतिरिवाज, स्थानीय सम्पदा, वातावरण संरक्षण, स्थानीय प्रविधि, चाडपर्व, सामाजिक व्यवहार आदि विषयवस्तु सम्बन्धी विषय स्थानीय निकायको परामर्शमा विद्यालय आफैले छनौट गर्न सक्ने । यस्ता विषयको पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक विकास तथा कार्यान्वयन स्थानीय निकायको परामर्शमा विद्यालय वा सम्बन्धित शैक्षिक संस्थाआफैँले गर्ने छ ।

ग) मातृभाषा र स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्य सामाग्री स्रोत केन्द्रको सहयोग र जिल्ला पाठ्यक्रम समन्वय समितिको समन्वयमा विद्यालय आफैँले निर्माण गर्ने छ । जिल्लाभर एउटै खालको विषय मिल्दो देखिएमा जिल्ला स्तरमा र स्रोत केन्द्र स्तरमा मात्र मिल्ने विषय भएमा स्रोत केन्द्र स्तरीय रुपमा पाठ्यक्रम निर्माण गर्न सकिने

घ) अन्य विषयका रुपमा कम्प्युटर तथा सुचनाप्रविधि, सामाजिकशास्त्र अर्न्तगतका विषय, भाषा समूहका विषय, गणित तथा विज्ञान समूहका विषय, परम्परागत चिकित्सा पद्धति, सहकारी शिक्षा, सङ्गीत, मूर्तिकला, काष्ठकला, वस्तुकला लगायतका मागमा आधारित विषय पर्ने । उपलव्ध साधान र स्रोतका आधारमा पाठ्यक्रम विकास केन्द्रले यस्ता विषयको पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गर्दै जाने

उल्लेखित अवस्थालाई दृष्टिगत गर्दा स्थानीय पाठ्यक्रम भित्र मातृभाषा तथा संस्कृत शिक्षाको अध्ययन/अध्यापनलाई पनि स्वतन्त्रता दिएको देखिन्छ । तर स्थानीय पाठ्यक्रम र मातृभाषाका बिचमा प्रष्ट सीमाङ्कन भने जरुरी देखिन्छ ।

## ४. स्थानीय पाठ्यक्रमनिर्माण प्रक्रिया

स्थानीय पाठ्यक्रम निर्माण गर्न सर्वप्रथम रत्ननगर नगरपालिका अर्न्तगत शैक्षिक प्रशासन महाशाखाले नगरपालिकाबाट स्थानीय पाठ्यक्रम निर्माण गर्ने कार्यक्रम पारित गरियो । त्यस पछि शाखाले स्थानीय बुद्धिजीवी, समाजसेवी, राजनीतिकर्मी, प्रधानाध्यापक, शिक्षक, पूर्व प्रधानाध्यापक, सङ्घसंस्थाका प्रतिनिधि, नगरपलिका प्रमुख, उपप्रमुख, सामाजिक विकास समितिका संयोजक सहितको कार्यशाला आयोजना गरी रत्ननगर नगरपालिका र आसपासका विषयवस्तु समेटेर विषयवस्तु तयार पारियो । यस कार्यशालाले दिएका सुझावहरु समेतलाई समेटेर मस्यौदा तयार पार्न विषयगत विज्ञ शिक्षकहरु सम्मिलित कार्यदल तयार पारियको थियो । कार्यदलका सदस्यहरुले स्थानीय पाठ्यक्रम प्रारुप समेतको अध्ययन गरेर मसौदा तयार पारेपछि उक्त मस्यौदालाई विशेषज्ञ समूहद्धारा आवश्यक परिमार्जन र सुधार गरि अन्तिम रुप दिइएको हो । यस अर्न्तगत १२ वटा विषय क्षेत्र समेटेर आधारभूत तह कक्षा १-८ का लागि १०० पूर्णाङ्कको **“हाम्रो गौरव हाम्रो रत्ननगर”**नामक स्थानीय पाठ्यक्रम विकास गरिएको हो ।

## ५. शिक्षण सिकाइ प्रक्रिया

स्थानीय पाठ्यक्रम तहगत पाठ्यक्रमकै एक अंश भएको हुनाले यसको शिक्षण सिकाइ प्रक्रिया पनि सामान्यतया अन्य विषयकै जस्तो हो तर यसको शिक्षण सिकाइ प्रक्रियामा बालकेन्द्रित, सामाग्री केन्द्रित र प्रयोगात्मक पद्धति अपनाउनुपर्दछ । यो पाठ्यक्रम शिक्षण सिकाइका लागि अपनाउन सकिने शिक्षण सिकाइ सहजीकरण विधिहरु अनुसूची ५ मा उल्लेख गरिएको छ ।

## ६. मूल्याङ्कन प्रणाली

वर्तमान पाठ्यक्रमले आधारभूत तह सम्म विद्यार्थी मूल्याङ्कनमा निर्माणात्मक र निरन्तर विद्यार्थी मूल्याङ्कनलाई विशेष जोड दिएको छ । कक्षा १-३ मा निरन्तर विद्यार्थी मूल्याङ्कनकै आधारमा शत प्रतिशत, कक्षा ४-५ मा ५० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन र ५० प्रतिशत आवधिक परीक्षाका आधारमा र कक्षा ६-८ मा ४० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन र ६० प्रतिशत आवधिक परीक्षाका आधारमा मूल्याङ्कन गर्नुपर्ने प्रावधान छ ।मूल्याङ्कनगर्दा अक्षराङ्कन पद्धतिलाई अपनाइने छ।

स्थानीय पाठ्यक्रमका विषयमा विद्यार्थीले पढेर भन्दा प्रत्यक्ष अवलोकन गरेर पेसा व्यवसायका काम गरेर एवम् स्वयम् कार्याभ्यासमा संलग्न भएर तथा सामाजिक र सामुदायिक गतिविधिमा सहभागी भएर सिक्दछन् । यस्तो सिकाइ प्रक्रियाको मूल्याङ्कन औपचारिक रुपमा निरन्तर गरिनुपर्दछ । यसका लागि प्रश्नोत्तर, छलफल, क्रियाकलापको अवलोकन, अभिभावक वर्गको राय, प्रतिक्रिया, विद्यार्थी वर्गकै साथी समूहको राय,प्रतिक्रिया आदि उपयोगी हुन्छन् । विद्यार्थीलाई स्थानीय सिप सिकाउने पाठ्यक्रम भएमा उत्पादन प्रणालीसँग आवद्ध गरी अभिभावकको आय आर्जनमा पनि सहयोग पुग्न सक्छ । त्यसकारण स्थानीय पाठ्यक्रम बमोजिमको मूल्याङ्कनमा लिखित परीक्षालाई भन्दा प्रयोगात्मक र निरन्तर मूल्याङ्कनलाई नै बढि जोड दिनुपर्दछ । तोकिएका ढाँचामा प्रगति अभिलेख र पोर्टफोलियो व्यवस्थित गरी राख्नुपर्दछ । आवश्यकता अनुसार लिखित, मौखिक र परियोजना कार्यहरुबाट पनि मूल्याङ्कन गर्न सकिन्छ ।

## ७. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार हुने छन् :

(क) प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने

(ख) सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य तथा मान्यताप्रति प्रतिबद्ध, राष्ट्र र राष्ट्रियताप्रति बफादार, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने

(ग) श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगार उन्मुख, उत्पादनशील, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने

(घ) व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भावतथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने

(ङ) प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने

(च) प्रत्येक व्यक्तिमा शान्ति, मानवअधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यता अनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवाद उन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने

(छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने

(ज) वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने

(झ) रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका, सहिष्णु र भाषिक सक्षमतामा निपूर्ण नागरिक तयार गर्ने

(ञ) नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने

(ट) जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने

(ठ) सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने

## ८. विद्यालय शिक्षाको तहगत संरचना

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुईतहमा बाँडेको छ । आधारभूत तहको कक्षा १ मा प्रवेश गर्नुपूर्व १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्था हुने छ । विद्यालय शिक्षाको संरचनामा कक्षा १ देखि ८ सम्म गरी आठ वर्ष अवधिको आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको माध्यमिक शिक्षा कायम गरिएको छ । माध्यमिक शिक्षा साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत गरी तीनधारको हुने छ। माध्यमिक शिक्षाको प्राविधिक तथा व्यावसायिक धारतर्फ थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास (Apprenticeship) समेटिने छ । सिकारुको उमेर, सिकाइ, क्षमतास्तर तथा बालमनोविज्ञान समेतलाई आधार मानी विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना निम्न बमोजिम निर्धारण गरिएको छ :

तालिका १ : विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना

| विद्यालयको तह | कक्षा | उमेर समूह | सिकाइ क्षमतास्तर |
|---|---|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षा | प्रारम्भिक बालविकास तथा शिक्षा | ४ वर्ष | |
| आधारभूत | कक्षा १-३ | ५ देखि ७वर्ष सम्म | तह १ |
| | कक्षा ४ - ५ | ८ देखि ९ वर्षसम्म | तह २ |
| | कक्षा ६ - ८ | १० देखि १२ वर्षसम्म | तह ३ |
| माध्यमिक | कक्षा ९ - १० | १३ देखि १४ वर्षसम्म | तह ४ |
| | कक्षा ११ - १२ | १५ देखि १६ वर्षसम्म | तह ५ |

## ९. विद्यालय शिक्षाको पाठ्यक्रम संरचना

विद्यालय तहको पाठ्यक्रम संरचना निम्नानुसार रहेको छ :

### ९.१ प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना

तालिका २ : प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना

| क्र.सं. | सिपका क्षेत्रहरू | सिपहरू | वार्षिक समय (घण्टामा) |
|---|---|---|---|
| १ | आधारभूत सिप सिकाइका क्षेत्र | (क) शारीरिक सिप<br>(ख) संवेगात्मक सिप | |

| | | | |
|---|---|---|---|
| | | (ग) सामाजिक, सांस्कृतिक र नैतिक सिप<br>(घ) बौद्धिक तथा मानसिक सिप<br>(ङ) स्वास्थ्य, पोषण, सुरक्षा र वातावरण सिप<br>(च) सिर्जनात्मक सिप | ३८४ |
| २. | विषयगत सिप सिकाइका क्षेत्र | (क) भाषिक सिप<br>(ख) पूर्वगणितीय सिप<br>(ग) दृश्यकला, कार्यतरिका र सिर्जनशीलता<br>(घ) वरपरको वातावरण<br>(ङ) सामाजिक सिप | १९२ |
| जम्मा | | | ५७६ |

(उपर्युक्त तालिकामा उल्लिखित क्रियाकलाप र समय बाहेक मनोरञ्जन क्रियाकलाप, बाह्य खेल र आराम गर्ने समय गरी कम्तीमा दैनिक १ घण्टाका दरले वर्षभरिमा २५६ घण्टासम्म वार्षिक समय थप हुन सक्ने छ ।)

## ९.२ आधारभूत शिक्षा (कक्षा १-३) को पाठ्यक्रम संरचना

तालिका ३ : आधारभूत शिक्षा (कक्षा १-३) को पाठ्यक्रम संरचना

| क्र.सं. | विषय सम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | भाषिक सिप विकास सम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २. | भाषिक सिप विकास सम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३. | गणितीय सिप विकास सम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४. | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा सम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ५. | सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कला सम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ६. | मातृभाषिक सिप/स्थानीय विषयवस्तु सम्बन्धी क्रियाकलाप | ५ | १६० |
| जम्मा | | २६ | ८३२ |

(पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा (Credit hour) मानिएको छ ।)

उल्लिखित संरचनाका आधारमा पाठ्यक्रम विकास तथा आधारभूत तह (१-३) को पाठ्यक्रम २०७६ को मूल मर्मलाई समेत सहयोग पुग्ने गरी निम्नलिखित पक्षहरू समावेश गरिने छ :

१.भाषिक सिप अन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिपको विकास, शब्दभण्डार, आधारभूत सञ्चार सिपको विकास जस्ता पक्षहरूमा ध्यान दिइने छ । गणितीय सिप अन्तर्गत सङ्ख्या र अङ्कको अवधारणाका साथै व्यावहारिक गणितीय ज्ञान तथा व्यावहारिक गणितीय सिपको विकास र प्रयोगमा ध्यान दिइने छ ।

२. विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा सम्बन्धी क्रियाकलापहरू अन्तर्गत वैज्ञानिक सोच तथा सिपको प्रयोग, विज्ञान, वातावरण, स्थानीय पर्यावरण, स्वास्थ्य र शारीरिक शिक्षा, प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरूसँग सम्बन्धित क्रियाकलापहरू समावेश गरिने छ ।

३. सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कला सम्बन्धी क्रियाकलाप अन्तर्गत सामाजिक मूल्य र मान्यता, चारित्रिक विकास, सिर्जनात्मक, कला र संस्कृति, जीवनोपयोगी सिप तथा सूचना र सञ्चार प्रविधि आदि सिकाइका क्षेत्र अन्तर्गत पर्ने विषय वस्तुहरूसँग सम्बन्धित क्रियाकलाप समावेश गरिने छ ।

४. स्थानीय विषय अन्तर्गत मातृभाषा, स्थानीय इतिहास तथा संस्कृति, संस्कृत भाषा र स्थानीय ज्ञान, सिप, कला तथा प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्ने छन् । सिर्जनात्मक सिप विकास सम्बन्धी क्रियाकलापलाई अन्य विषय क्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराउनु पर्ने छ । स्थानीय विषयको पाठ्यक्रम र पाठ्य सामग्री विद्यालयले स्थानीय विज्ञ, अभिभावक तथा स्थानीय तहको सहयोग र समन्वयमा विकास गरी कार्यान्वयनमा ल्याउनु पर्ने छ ।

५. संस्कृत, गुरुकुल, गुम्बा/विहार, मदरसा, किराँत जस्ता परम्परागत शिक्षा पद्धतिका हकमा नेपाली र सामाजिक विषय बाहेक अन्य विषयहरू परम्परागत शिक्षा पद्धति अनुसार अनुकूलन र विकास गरी कार्यान्वयन गर्न सकिने छ ।

६. संस्कृत तथा परम्परागत शिक्षातर्फको कक्षा १-३ लाई एकीकृत सिद्धान्त अनुरूप साधारण शिक्षा सरहको शिक्षा प्रदान गरिने छ। यस शिक्षामा मातृभाषाका सट्टामा सम्बन्धित भाषा (संस्कृत रचना, भोट भाषा, अरेबिक र उर्दू भाषा, लिम्बू भाषा आदि) का पाठ्यक्रम र पाठ्य सामग्री कार्यान्वयन गरिने छ ।

७. विज्ञान तथा वातावरण, सामाजिक अध्ययन, स्वास्थ्य तथा शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयलाई अन्तरविषयक ढाँचाको पाठ्यक्रमका रूपमा हाम्रो सेरोफेरो विषय क्षेत्रमा समावेश गरी समग्रमा गणित, नेपाली भाषा, अङ्ग्रेजी भाषा र हाम्रो सेरोफेरो विषय क्षेत्रलाई समावेश गरी बहुविषयक ढाँचाको एकीकृत पाठ्यक्रम विकास गरिने छ। त्यसैगरी कक्षा १-३ का विद्यार्थीका लागि आवश्यक हुने व्यवहार कुशल सिपहरूलाई आवश्यकतानुसार सबै विषयक्षेत्र र कक्षामा एकीकृत गरिने छ।

## ९.३ आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचना

तालिका ४ : आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचना

| क.सं. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७. | मातृभाषा/स्थानीय विषय | ४ | १२८ |
| | जम्मा | ३२ | १०२४ |

उल्लेखित संरचनाका आधारमा पाठ्यक्रम निर्माण गर्दा निम्नलिखित पक्षहरू समावेश गरिने छ :

१.भाषिक विषय अन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिपको विकास, शब्दभण्डार, आधारभूत सञ्चार सिप, अभिव्यक्ति सिपको विकास जस्ता पक्षहरूमा ध्यान दिनुपर्दछ। गणित अन्तर्गत सङ्ख्या र अङ्कको अवधारणाका साथै व्यावहारिक गणितीय ज्ञान तथा सिपको विकास र प्रयोगमा ध्यान दिनु पर्दछ। विज्ञान तथा प्रविधि शिक्षा सम्बन्धी क्रियाकलापहरू अन्तर्गत वैज्ञानिक सोच तथा सिपको प्रयोग, विज्ञान, वातावरण, स्थानीय पर्यावरण, सूचना र सञ्चार प्रविधि आदि सिकाइका क्षेत्र अन्तर्गत पर्ने विषयवस्तुहरू समावेश गरिने छ। सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा अन्तर्गत नेपालको भौगोलिक, सामाजिक तथा ऐतिहासिक पक्ष, सामाजिक मूल्य र मान्यता, चारित्रिक विकास, कला र

संस्कृति, जीवनोपयोगी सिप, नागरिक चेतना आदि विषयवस्तुहरू समावेश गरिने छ । स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला अन्तर्गत शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी, सरसफाइ र जीवनोपयोगी सिप, सिर्जनात्मकता आदिसँग सम्बन्धित विषयवस्तुहरू समावेश गरिने छ । सिर्जनात्मक सिप विकास सम्बन्धी क्रियाकलापलाई अन्य विषय क्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराउनुपर्दछ । स्थानीय विषय अन्तर्गत मातृभाषा, स्थानीय इतिहास तथा संस्कृति, संस्कृत भाषा र स्थानीय ज्ञान, सिप, कला तथा प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्ने छन् । स्थानीय विषयको पाठ्यक्रम र पाठ्य सामग्री विद्यालयले स्थानीय तहको सहयोग र समन्वयमा स्थानीय विज्ञ तथा अभिभावकको संलग्नतामा विकास गरी कार्यान्वयनमा ल्याउने छ ।

२. संस्कृत तथा परम्परागत शिक्षा अन्तर्गत आधारभूत शिक्षा (कक्षा ४-५) लाई साधारण शिक्षा सरहको शिक्षाप्रदान गरिने छ । यसअन्तर्गत सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा विषयसँग सम्बन्धित विषय क्षेत्रलाई आवश्यकताका आधारमा थपघट गरी यस शिक्षाका पाठ्य सामग्रीलाई सन्दर्भ र औचित्यका आधारमा अनुकूलन गरिने छ । मातृभाषाका सट्टामा सम्बन्धित भाषा (संस्कृत रचना, भोट भाषा, अरेबिक र उर्दू भाषा, लिम्बू भाषा इत्यादि) का पाठ्यक्रम र पाठ्य सामग्री कार्यान्वयन गरिने छ ।

३. गुरुकुल शिक्षा तर्फ स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयका सट्टामा वेद वा नीतिशास्त्र वा मानवमूल्य शिक्षा विषय अध्ययन अध्यापन गर्न सकिने छ । मदरसा शिक्षातर्फ स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयका सट्टामा दिनियात विषय अध्ययन अध्यापन गर्न सकिने छ ।

## ९.४ आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम संरचना

तालिका ५ :

आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम संरचना

| | विषय | | | | |
|---|---|---|---|---|---|
| क्र. सं. | साधारण | संस्कृत शिक्षा/गुरुकुल/वेद विद्याश्रम शिक्षा | गोन्पा तथा विहार/मदरसा शिक्षा | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
| | नेपाली | नेपाली | नेपाली | ५ | १६० |
| | अङ्ग्रेजी | अङ्ग्रेजी वा संस्कृत रचना | अङ्ग्रेजी | ५ | १६० |
| | गणित | गणित | गणित | ५ | १६० |
| | विज्ञान तथा प्रविधि | विज्ञान तथा प्रविधि वा संस्कृत व्याकरण | विज्ञान तथा प्रविधि | ५ | १६० |
| | सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा | सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा वा कर्मकाण्ड | सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा | ५ | १६० |
| | स्वास्थ्य तथ ाशारीरिक शिक्षा (सिर्जनात्मक कला सहित) | संस्कृत भाषा | स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य वा आचार शिक्षा (दिनियात) वा कुरान (अरेबिक) | ३ | ९६ |
| | मातृभाषा/स्थानीय विषय वा संस्कृत भाषा | वेद वा नीतिशास्त्र | भोटभाषा वा पालीभाषा वा संस्कृत वा अन्यभाषा वा उर्दू भाषा | ४ | १२८ |
| | जम्मा | | | ३२ | १०२४ |

## १०. आधारभूत शिक्षाका तहगत सक्षमता

### १०.१ आधारभूत शिक्षा (कक्षा १-८) का तहगत सक्षमता :

आधारभूत शिक्षाले विद्यार्थी केन्द्रित शिक्षाका माध्यमद्वारा बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्ने लक्ष्य राखेको छ। यस तहको शिक्षाको मुख्य उद्देश्य राष्ट्रप्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको

संरक्षण र संवर्धन गर्ने, अधिकार र कर्तव्यको पालना सहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीयमूल्य र मान्यता अनुकूलव्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्ने हो । यस तहको शिक्षाप्राप्त गरिसकेका बालबालिकाहरु आफ्ना विचार आदान प्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी,वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान् हुने छन् । विद्यालय शिक्षाअन्तर्गत आधारभूत शिक्षा ( कक्षा १-८) का विद्यार्थीले हासिल गर्ने सक्षमताहरू निम्न बमोजिम हुने छन् :

१. देशप्रेम तथा राष्ट्रिय एकताको भावना एवम् लोकतान्त्रिक मूल्य, मान्यता तथा संस्कार व्यवहारमा प्रदर्शन

२.भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग

३. सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचनाप्रविधिको समुचित प्रयोग

४.तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप एवम् अभिवृत्ति विकास र प्रयोग

५. वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग

६.मानव मूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजगता

७. जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग

८. शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिप (Life skills) को विकास

९. स्थानीय, आधुनिक पेसा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिप (Soft skills) को प्रयोग

१०. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग

११. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्वबन्धुत्व र सहअस्तित्वबोध तथा स्वीकार

१२. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान

१०.२ आधारभूत शिक्षा (कक्षा १-३) का तहगत सक्षमता

आधारभूत शिक्षा (कक्षा १-३) को उद्देश्य बालबालिकालाई आधारभूत साक्षरता, गणितीय ज्ञान तथा सिप र जीवनोपयोगी सिपहरूका साथै व्यक्तिगत स्वास्थ्य तथा सरसफाइसम्बन्धी बानीको विकास गर्ने अवसर प्रदान गर्नु हो । आधारभूत शिक्षाको माध्यमबाट बालबालिकाहरू आफू रहेको प्राकृतिक तथा सामाजिक

वातावरणसँग परिचित र सचेत हुने छन् । यस तहको पाठ्यक्रम बालबालिकाको उमेरगत क्षमता एवम् रुचिलाई ध्यान दिई एकीकृत सिद्धान्तअनुसार विकास गरिएको छ । आधारभूत शिक्षा (कक्षा १-३) का सक्षमता देहायबमोजिम हुने छन् :

१. आधारभूत भाषिक तथा सञ्चार सिपको विकास र प्रयोग

२. आधारभूत गणितीय अवधारणा र सिपको विकास र प्रयोग

३. अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास

४. विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास

५. शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी र जीवनोपयोगी सिप (Life skills) को विकास

६. कला तथा सौन्दर्यप्रति अभिरुचि र सिर्जनात्मकताको विकास

७. आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास

भाग : दुई

# हाम्रो रत्ननगर

## १. परिचय

प्रशस्त उर्वरकृषि भूमि वरण्डाभार क्षेत्रको जङ्गल, दुर्लभ वन्यजन्तु र चराहरुको वासस्थान, सिमसार क्षेत्रले शोभायमान, विविध जातजाति, भाषाभाषी, कला धर्म संस्कृतिले भरिपूर्णका साथै तेस्रो पर्यटकीय गन्तव्य चितवन राष्ट्रिय निकुञ्जसँग जोडिएर रहेको सुन्दर नगरी हो हाम्रो रत्ननगर । यस नगरपालिकामा पर्याप्त स्रोत साधन अवसर र जनशक्ति भएर पनि रत्ननगरलाई रत्न बनाउने जुन मूलमन्त्र लिइएको छ त्यो पूर्ण हुन सकिरहेको छैन । रत्ननगरलाई रत्न बनाउने महाअभियानमा यो स्थानीय पाठ्यक्रम पनि एक माध्यम बनोस् र बालबालिकामा सानै कक्षादेखि नेपाली समाजमा लुप्त रहेका कला, धर्म, संस्कृतिको संरक्षण तथा सवर्धन एवम् सिर्जनाशीलताको विकास गर्न, देशप्रेम तथा राष्ट्रिय एकताको भावना एवम् लोकतान्त्रिक मूल्य, मान्यता तथा संस्कार व्यवहार प्रदर्शन गर्न स्थानीय, आधुनिक पेसा व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहार कुशल सिप प्रदर्शन गर्न र दैनिक जीवनमा आइपर्ने व्यवहारिक समस्याहरुको पहिचान विश्लेषण तथा समाधान गर्न शारीरिक तन्दुरुस्ती स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिपको विकास गर्नका साथै आफ्नो क्षेत्रमा हुने र गर्नसकिने कृषिकार्य र साना व्यवसायबाट प्राप्तहुने आयले जीवन निर्वाहमा सहयोग पुऱ्याइ आयआर्जन गर्न सकिने कुरामा सकारात्मक धारणा वस्न सकोस भन्ने हेतुले यो पाठ्यक्रम तयार गरिएको हो । त्यसैगरी रत्ननगर नगरपालिका पनि प्राकृतिक प्रकोपबाट जोखिममा रहेको र त्यसबाट प्रत्येक वर्ष जनधनको क्षतिहुने भएकाले त्यसतर्फ बालबालिकालाई सुसूचीत गराई विपद्का बेला कम भन्दा कम क्षति हुने अवस्थाको सिर्जना हुन जलवायू परिवर्तन र विपद् व्यवस्थापन सम्बन्धि विषय वस्तु पनि यसै पाठ्यक्रममा समावेश गरिएको छ ।

सिकाईलाई विद्यार्थीको दैनिक जीवन र समाजसँग जोड्न सकेमा सिकारुलाई आफ्ना सामाजिक र भौतिक वातावरणसँग अर्न्तक्रिया गरि वातावरण अनुकूल आफूलाई समायोजितहुन सहज हुन्छ । त्यसैले यस पाठ्यक्रमले सहभागितात्मक तथा क्रियाकलापमुखी शिक्षण सिकाईलाई जोड दिदै विद्यार्थीहरुलाई सिर्जनशील तथा खोज उन्मुखबनाई दैनिक समस्या समाधानका सिप विकासमा सहयोग गर्ने लक्ष्यलिएको छ ।

विद्यार्थीका लागि आवश्यक विविध विषय समेटेर यसलाई एकीकृत पाठ्यक्रमका रुपमा विकास गरिएको छ । यसको अध्ययनले बालबालिकालाई आफूले आफैंलाई चिन्ने परिवार र छरछिमेकहरुमा घुलमिल गराउने संस्कृति तथा परम्परादेखि स्थापित सामाजिक चालचलन नियम आदिसँग परिचित गराउने, समाजमा विद्ययमान विभिन्न समस्या र विकृतिहरु हटाउनका लागि सहयोगी बनाउने, श्रमप्रति सम्मान गर्ने, प्राकृतिक विपद्का समयमा कम क्षति हुने अवस्थाको सिर्जना गर्ने, सडक दुर्घटनाबाट कसरी बच्ने, आफू रहेको ठाउँको भौगोलिक स्वरुपप्रति परिचित गराउने व्यक्ति, समाज र राष्ट्रका लागि असल र दक्ष नागरिक तयार गर्न आधार प्रदान गर्ने छ ।

## २ स्थानीय तह पाठ्यक्रमका तहगत उद्देश्य

आधारभूत तह (कक्षा १-८) को अन्त्यमा विद्यार्थीहरुमा निम्नलिखित उद्देश्यहरु हासिल हुने छन् :

१. परिवारका सदस्यको नाम एवम् आवश्यकता बताउन

२. रत्ननगर नगरपालिकाको परिचय र यसबाट प्राप्तहुने सेवा सुविधा एवम् प्रशासनिक संरचना सम्बन्धी जानकारी दिन

३. स्थानीय मूल्य, मान्यता र संस्कृतिलाई मानव मूल्यसँग सामाञ्जस्यता कायम गरी व्यवहारमा उतार्न

४. मानव र वन्यजन्तुको अर्न्तसम्बन्धको पहिचान गरी यसबाट लाभका क्षेत्रहरु पहिचान गरी उपयोग गर्न

५. स्थानीय प्राकृतिक सम्पदाको उपयोग एवम् वातावरण संरक्षण र सम्वर्द्धन गर्न

६. सरसफाई तथाफोहोर व्यवस्थापन गरी स्वच्छ भौतिक वातावरण तयार गर्न

७. योगको परिचय र अभ्यास लगायत स्थानीय खेल सम्बन्धी ज्ञान र सीपको संरक्षण र सम्वर्द्धन गर्न

८. पर्यटन व्यवसायको अर्न्तसम्बन्ध पहिचान एवम् उपयोग गर्न

९. स्थानीय स्तरमा रहेको पशुपालन, कृषि तथा अर्गानिक खेतीको सम्भावना, प्रभाव पहिचान र उपयोग गर्न

१०. सूचना र प्रविधिको प्रारम्भिक ज्ञान र सीप प्राप्त गरी उपयोग गर्न

११. विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन र यसका असरहरुको पहिचान गरी न्यूनीकरण गर्न

१२. ट्राफिक नियमका बारेमा सामान्य जानकारी प्राप्त गरी सुरक्षित यात्रा गर्न

## ३. कक्षागत सिकाइ उपलब्धि

यस पाठ्यक्रमको कार्यान्वयन पश्चात् आधारभूत तह कक्षा (१-८) का विद्यार्थीहरुमा निम्नानुसारका सिकाइउपलब्धि हासिल हुनेछन् :-

### कक्षा १ का कक्षागतसिकाइउपलब्धिहरु

| क्र.सं. | सिकाइउपलव्धी |
|---|---|

| | |
|---|---|
| १. | आफ्नो, आमा र बाको नामभन्न |
| २. | आफ्नो वस्ती/टोलको नामबताउन |
| ३. | शिष्टातापूर्वक आफ्नो परिचयदिन,आफूलाई मनपर्ने चाडपर्वको नाम र साथीको नामवताइ मेलमिलापकायम गर्न |
| ४. | चित्र हेरि वन्यजन्तुको नामवताउन |
| ५. | स्थानीय क्षेत्रमापाइने बोटविरुवा, जनावर र जडीबुटीको नामवताउन |
| ६. | व्यक्तिगत सरसफाईका तीन वटा कार्य वताउन र तोकिएको भाँडो वा स्थानमाफोहोर फाल्न |
| ७. | आफूलाई मन पर्ने कुनै एउटा खेलको नामभन्न र खेल्न |
| ८. | आफ्नो नजिकको कुनै एक रमणीय स्थलको नामबताउन |
| ९. | चित्रमा मोवाइलफोनको पहिचान गर्न |
| १०. | चित्र हेरि पक्की र कच्ची सडक छुट्याउन |

कक्षा २ का कक्षागतसिकाइउपलब्धिहरु :

| क्र.सं. | सिकाइउपलब्धी |
|---|---|
| १. | आफ्नो दिदी/दाजु/भाइ/बहिनीको नामभन्न |
| २. | आफ्नो नगरपालिकाको नाम र वडा नं. भन्न |
| ३. | मान्यजनसँग शिष्ट र नम्र व्यवहार गर्न, सानालाई माया र ठूलालाई आदार गर्न एवम् आफ्नो क्षेत्रमामनाइने चाडपर्वको नामभन्न |
| ४. | चित्र हेरि ५ वटा वन्यजन्तु र ३ वटा पंक्षीको नामबताउन |
| ५. | आफ्नो गाउँ, विद्यालय क्षेत्र वरपर पाइने जडीबुटीजन्य बोटविरुवा र पानीका स्रोतको पहिचान गर्न |
| ६. | व्यक्तिगत सरसफाई गर्न र फोहोरलाई सम्बन्धित ठाउँमा फाल्न |
| ७. | समूहमा खेल्ने खेलको नामभनी खेलमा सहभागीहुन |
| ८. | नजिकैको दुई पर्यटकीय स्थलको नामभन्न र लेख्न |
| ९. | चित्र हेरि मोवाइलफोन र कम्प्युटर पहिचान गरी बताउन |
| १०. | चित्र हेरि तीनवटा सवारी साधनको नामबताउन |

कक्षा ३ का कक्षागतसिकाइउपलब्धिहरु :

| क्र.सं. | सिकाइउपलब्धी |
|---|---|
| १. | हजुरआमा, हजुरबुवाकानामबताउन |
| २. | आफ्नो वडाको अध्यक्ष, सदस्यहरुको संख्या र प्रमुखजातजातिको सूचीकरण गर्न |
| ३. | स्थानीयधार्मिकस्थलहरुको पहिचान गर्न |
| ४. | वन्यजन्तु र चराचुरुङ्गीको नाम लेखीकुनै एकको चित्रबनाइ देखाउन |
| ५. | स्थानीयतहमापाइने जडीबुटीजन्य बोटविरुवा र पानीका स्रोतको सूचीबनाउन |

| | |
|---|---|
| ६. | व्यक्तिगत सरसफाईबाट हुने फाइदापहिचान गर्न एवम् कुहिने नकुहिने फोहोर छुट्याई तोकिएको स्थानवा भाँडामा फोहोर फाल्न |
| ७. | कुनै तीनवटा स्थानीय खेलको नामबताउन र समूहमा खेलिने तीन खेलमा सहभागी हुन |
| ८. | स्थानीय पर्यटकीय स्थलको नाम लेखि सामान्य परिचयबताउन |
| ९. | चित्र हेरि मोवाइलफोन, कम्प्युटर, फोटोकपी मेशिन र प्रिन्टर पहिचान गरी बताउन |
| १०. | चित्रमा जेब्राक्रसिङ्गपहिचान गरी सोहि स्थानबाट मात्र बाटो काट्नु पर्ने कारण बताउन |

कक्षा ४ का कक्षागतसिकाइउपलब्धिहरु :

| क्र.सं. | सिकाइउपलब्धी |
|---|---|
| १. | परिवारका सदस्यहरुको संख्या र नामबताउन |
| २. | रत्ननगरको वडा संख्याबताउन र यहाँबसोवास गर्ने प्रमुखजातजातिको भौगोलिकअवस्थितिपहिचान गर्न |
| ३. | स्थानीय धर्म, संस्कृति र जीवनशैलीको परिचयदिन |
| ४. | मावन र वन्यजन्तु बिच सम्बन्ध र यसबाट हुने फाइदाबताउन |
| ५. | स्थानीयतहमापाइने जडीबुटीजन्य बोटविरुवा र पानीका स्रोतको महत्त्वबताउन |
| ६. | घर, आँगन र विद्यालय सफा राख्ने उपायबताउन र कुहिने/नकुहिने फोहोरको परिचयदिन |
| ७. | म्यूजिकल, चियर, घैटोफुटाई, बाघचाल र गणितीय दौडका लागिआवश्यकनियमतथासिपसिकीप्रदर्शन गर्न |
| ८. | पर्यटकीय स्थलको संरक्षणका तीनवटा उपाय र यसको व्यावसायिकउपयोगिताबताउन |
| ९. | वन्यजन्तु र घरपालुवाजनावर तथापंक्षीहरुको सूचीबनाई देखाउन |
| १०. | कम्प्युटरको परिचय, बाहिरी भागहरुको नाम र प्रयोग बारे बताउन |
| ११. | सडक पार गर्दा ध्यानदिनुपर्ने चारवटा उपायबताउन |

कक्षा ५ का कक्षागतसिकाइउपलब्धिहरु :

| क्र.सं. | सिकाइउपलब्धी |
|---|---|
| १. | परिवार र यसको आवश्यकताबताउन |
| २. | नगरप्रमुख, उपप्रमुखतथाआफ्नो वडाको वडाध्यक्ष, वडा सदस्यहरुको नामबताउन, वडामा रहेका सेवाप्रदायक संस्थाहरु र तिनले दिने सेवा सुविधाबताउन |
| ३. | स्थानीयभाषा, मूल्यमान्यता,कला र संस्कृतिको तुलनात्मकअध्ययनबारे बताउन |
| ४. | मानव र वन्यजन्तु बीचहुने द्वन्द्वबाट आउन सक्ने समस्या र समाधानकाउपायबताउन |
| ५. | स्थानीय स्तरमा पाइने जडीबुटी, बोटबिरुवा, पानीका स्रोतहरु संरक्षणका उपायहरु, उपयोगकोअवश्था र फाइदाबताउन |
| ६. | स्थानीय स्तरमा रहेका प्राकृतिक वस्तुहरु (ढुङ्गा, माटो,बालुवा, गिटी) पाइने ठाउँको सूचीबनाउन |

| | |
|---|---|
| ७. | प्रदूषणको परिचय, प्रकार, स्रोतहरु पहिचान गरी फोहोर व्यवस्थापनगर्दा हुने ५ वटा फाइदाबताउन |
| ८. | कवड्डी, फुटसल खेलकालागिआवश्यकनियमतथासिपबारे बताउन |
| ९. | सौराहाहात्तीमहोत्सवतथाखानामहोत्सवको पर्यटकीय एवम् व्यावसायिकमहत्त्वबताउन |
| १०. | स्थानीय स्तरमा संचालनभएका कृषितथापशुपालनव्यवसायको बारेमा बताउन |
| ११. | कम्प्युटर खोलीफाइल, फोल्डर बनाई सुरक्षण (save) गर्न, वेभ साइटहरु खोल्न र हेर्न |
| १२. | ट्राफिक चिन्हपहिचान गरी संकेतको अर्थ बताउन |

कक्षा ६ का कक्षागतसिकाइउपलब्धिहरु :

| क्र.सं. | सिकाइउपलव्धी |
|---|---|
| १. | रत्ननगरको सीमाना, क्षेत्रफल, जनसंख्याको बनावट र वितरणको अवस्थाबताउन |
| २. | नगरभित्रकाधार्मिक तथा सांस्कृतिक सम्पदाको पहिचान र संरक्षण गर्न |
| ३. | मानवीयक्रियाकलापका कारण वन्यजन्तुको वासस्थानमा परेको प्रभावतथान्यूनीकरणका उपायहरु बताउन |
| ४. | चितवन राष्ट्रिय निकुञ्जको परिचय र यसकाविशेषताहरु बताउन |
| ५. | हरित विद्यालयको अवधारणा बताउन |
| ६. | सिमसार क्षेत्रको परिचयदिन |
| ७. | फोहोर व्यवस्थापनकाउपायहरु बताउन |
| ८. | फोहोरको अवस्था र उपयोगबारे बताउन |
| ९. | प्रदूषण कम गर्ने उपायहरु बताउन |
| १०. | क्रिकेट खेलको सामान्य परिचयदिइक्रिकेटमा सन्दिप लामिछानेको योगदानबारे बताउन |
| ११. | पर्यटक र स्थानीयव्यवसायीबिचको शिष्टाचार संवादबारे थाहापाउन |
| १२. | पर्यटन व्यवसाय र परम्परागतप्रविधिको सम्बन्धबारे थाहापाउन |
| १३. | केराखेती, पुष्पखेती, माछापालन, जैविकखेतीमध्ये कुनै एक खेती गर्ने तरिका बताउन |
| १४. | जैविक (अर्गानिक) खेतीको सामान्य परिचय गर्न |
| १५. | कीटनाशक औषधिको पहिचान गर्न |
| १६. | साइकलतथा मोटरसाइकलको सामान्य मर्मत गर्न |
| १७. | जलवायु परिवर्तनको परिचय र यसको अवस्थाथाहापाउन |
| १८. | विपद्को परिचय, उदाहरण, प्रकार र क्षतिको बारे जान्न |
| १९. | सडकबत्तीको संकेत (रङ्ग) पहिचान गरी संकेत अनुसार मानिस र सवारी साधनले अवलम्बन गर्नुपर्ने कार्यहरु बताउन |

कक्षा७ का कक्षागतसिकाइउपलब्धि :

| क्र.सं. | सिकाइउपलव्धी |
|---|---|
| १. | रत्ननगरको भौगोलिक, मौसमी, स्वास्थ्यतथा शैक्षिकअवस्थाको सामान्यजानकारी राख्न |
| २. | विभिन्नव्यक्ति र समुदायप्रति समानुभूतिको व्यवहार प्रर्दशन गर्न |
| ३. | धार्मिक तथा सांस्कृतिक सम्पदाको महत्त्वबताउन |
| ४. | वन्यजन्तुले मानववस्तीमा पुऱ्याएको क्षतिमा स्थानीयतथाप्रदेश सरकारबाट गरिएको सहयोग एवम् सहजीकरण सूचीतयार गरी प्रस्तुत गर्न |
| ५. | सामुदायिकवनमध्यवर्तीक्षेत्रको परिचय र यसको अवस्थाबताउन |
| ६. | हरित विद्यालय र सिमसार क्षेत्रको महत्त्वबताउन |
| ७. | स्वस्थकर खानाको पहिचानतथाउपभोग गर्ने तरिका बताउन |
| ८. | विद्यालयतथा समुदायमा रेहकाक्लबतथा संघसंस्थाहरुको व्यवस्थापकीयभूमिकाबताउन |
| ९. | तेक्वान्दो खेलको सामान्य परिचय र स्थानीय खेलाडी पार्वती गुरुङ्गको योगदानबारे बताउन |
| १०. | योगको परिचयदिई योगाभ्यास गर्न |
| ११. | चेस खेलकानियमबताई खेल्न |
| १२. | पर्यटकसँग गरिने पर्यटनमैत्रीव्यवहारको सूचीतयार गर्न |
| १३. | परम्परागतप्रविधिको प्रयोग र यसको पर्यटकीय क्षेत्रमाव्यावसायिकमहत्त्वबारे बताउन |
| १४. | केराखेतीमा देखिने प्रमुख रोग र यसबाट बच्ने उपायको सूचीतयार गर्न |
| १५. | पुष्पखेती र यसकाफाइदाबताउन |
| १६. | अर्गानिकखेतीगर्दा अवलम्बन गर्ने उपायहरु बताउन |
| १७. | कीटनाशक औषधीको प्रयोग र यसका असरबारे बताउन |
| १८. | प्लम्बिङ् सम्बन्धि सामान्यजानाकारी प्राप्त गर्न |
| १९. | जलवायु परिवर्तन र यसका कारणहरु ब्ताउन |
| २०. | सडक दुर्घटना न्यूनीकरण गर्ने उपायहरु बताउन |

कक्षा ८ का कक्षागतसिकाइउपलब्धिः

| क्र.सं. | सिकाइउपलव्धी |
|---|---|
| १. | रत्ननगर नगरपालिकाको कार्यालयबाट प्राप्तहुने सेवा सुविधा र प्रशासनिक संरचनाको जानकारी लिन |
| २. | स्थानीय स्तरमा भएका संस्कृति र संस्कारजन्यव्यवहारहरु बताउन र लेख्न |
| ३. | वन्यजन्तुले मानववस्तीमा पुऱ्याएको क्षतिमावन-मन्त्रालयमातहतका निकायबाट गरिने सहयोग प्रस्तुत गर्न |
| ४. | जैविकविविधताको परिचय, संरक्षणका उपायबताउन |
| ५. | स्थानीय स्तरमा पाइने दुर्लभ जीवतथावनस्पतिको परिचय, महत्त्व र संरक्षणका उपायबताउन |
| ६. | आफ्नो विद्यालयलाई हरित विद्यालयबनाउन गर्नुपर्ने कार्यहरुको सूचीतयार गरी प्रस्तुत गर्न |
| ७. | पर्यटन व्यवसाय प्रवर्द्धनकालागिआवश्यकसिप र व्यवस्थापकीयकार्यहरु प्रस्तुत गर्न |

| | |
|---|---|
| ८. | “यात्रा सौराहा”शीर्षकमा एक दैनिकीतयार गरी प्रस्तुत गर्न |
| ९. | “जहाँविविधतात्यहाँविकासमा सहजता”भन्ने मर्मलाई तर्क दिई प्रष्ट पार्न |
| १०. | फोहोर व्यवस्थापनमा स्थानीयनिकायको भूमिकाबताउन |
| ११. | स्मार्ट (Smart city)सिटीको अवधारणा बताउन |
| १२. | योगाभ्यास र त्यसबाट प्राप्तहुने फाइदाबारे बताउन |
| १३. | भलिबल र फुटसल खेलकानियमबताउन र खेल प्रदर्शन गर्न |
| १४. | स्थानीय स्तरमा रहेका कृषितथापशुपालनव्यवसायका सम्भावनातथा प्रवर्द्धनकाउपायहरुको बारेमा पहिचान गर्न |
| १५. | कुखुरा पालनव्यवसाय, संभावना र चुनौतिको बारेमा बताउन |
| १६. | अर्गानिक खेतीको आवश्यकतातथामहत्त्वबताउन |
| १७. | कीटनाशक औषधी नियन्त्रणका उपायहरु बताउन |
| १८. | विद्युत (फ्यूज जडान, बत्ती जडान, पंखा जडान, सौर्य बत्ती ) सम्बन्धि सामान्यजानाकारी र मर्मत गर्ने उपायबताउन |
| १९. | जलवायु परिवर्तनका असर र न्यूनीकरणका उपायहरु बताउन |
| २०. | सवारी चालकअनुमतिपत्र (ड्राइभिङ्ग लाइसेन्स) लिनजान्नु पर्ने नियमहरु बताउन |

## कक्षा १ देखि ३ सम्मको क्षेत्र र क्रम

क्षेत्र १ : म र मेरो परिवार

| क.सं | विशिष्ट उद्देश्य/सिकाइउपलब्धि | विषयको विस्तृतीकरण | शैक्षिक सामाग्री | सिकाइ सहजीकरण | मूल्याङ्कन | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|
| कक्षा १ | आफ्नो नाम, बा, आमाको नामभन्न | - आफ्नो नाम<br>- आफ्नो बा को नाम<br>- आफ्नो आमाको नाम | मेटाकार्डमा बा, आमाको नाम लेखेर देखाउने | विद्यार्थीलाई आ-आफ्नो बा, आमाको नामभन्नलगाउने | - बुबा-आमाको नामभन्नुहोस्।<br>- खाली ठाउँ भर्नुहोस् (शब्द र चित्र)।<br>- जोडा मिलाउनुहोस्। | १२ |
| कक्षा २ | आफ्नादिदी-भाइबहिनीको नामभन्न | - आफ्नीदिदीको नाम<br>- आफ्नो भाईकोनाम<br>- आफ्नो दाजुको नाम<br>- आफ्नीबहिनीको नाम | मेटाकार्डमा दिदीभाइ, दाजु बहिनीको नाम लेखेर देखाउने | विद्यार्थीलाई आ-आफ्नादिदी, भाइ, दाजु बहिनीको नामभन्नलगाउने | - दिदीको नामभन्नुहोस्<br>- दाजु, भाइ र बहिनीको नामभन्नुहोस्।<br>- जोडा मिलाऊ(शब्द र चित्र)।<br>- खाली ठाउँ भर्नुहोस्। | १२ |
| कक्षा ३ | आफ्नाहजुरबा, हजुरआमाको नामभन्न | - हजुरबाको नाम<br>-हजुरआमाको नाम | मेटाकार्डमा हजुरबा र हजुरआमाको नाम लेखेर देखाउने | विद्यार्थीलाई आफ्नाहजुरबा र हजुरआमाको नामभन्नलगाउने | - तपाइँको हजुरबाको नामभन्नुहोस्।<br>- तपाइँको हजुरआमाको नामभन्नुहोस्।<br>- ठिक बेठिक छुट्याउनुहोस्।<br>- खाली ठाउँ भर्नुहोस।<br>- जोडा मिलाउनुहोस्।<br>- ठिक उत्तरमा चिनो लगाउनुहोस्।<br>- अनुलेखन गर्नुहोस्। | १६ |

## क्षेत्र २ : मेरो रत्ननगर

| कक्षा | विशिष्ट उद्देश्य/सिकाइउपलब्धि | विषयको विस्तृतीकरण | शैक्षिक सामाग्री | सिकाइ सहजीकरणप्रक्रिया | मूल्याङ्कनपक्रिया | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|
| १ | आफ्नो टोल र वस्तीको नामबताउन | - टोलको नाम<br>- टोल विकासको अध्यक्षको नाम<br>- टोलको सीमाना | - टोलको नक्सा र सूचना पाटी | - विद्यार्थीलाई आफ्नो टोलको नामभन्नलगाउने,<br>- कक्षाकाविद्यार्थीलाई आफ्नो टोल विकास अध्यक्षको नामपालैपालो भन्ने अभ्यास गराउने । | - तपाइँ बसेको टोलको नामभन्नुहोस् ।<br>- अध्यक्षको नामभन्नुहोस् ।<br>- ठिक बेठिक छुट्याउनुहोस् । | १६ |
| २ | आफ्नो नगरपलिकाको नामभन्न, आफू बसेको वडा नं. भन्न | - नगरपालिकाको नाम,<br>- वडा परिचय | - नगरपालिकाको नाम र वडा नं. लेखिएको मेटाकार्ड | - विद्यार्थीलाई आफ्नो नगरपालिकाको नामभन्नलगाउने ।<br>- आफ्नो वडा नं. भन्नलगाउने । | - तपाइँ बसेको नगरपालिकाको नामभन्नुहोस्<br>- तपाइँबसोबास गर्ने वडा नं. बताउनुहोस् ।<br>- खाली ठाउँ भर्नुहोस् ।<br>- बहुवैकल्पिकप्रश्नहरु । | १६ |
| ३ | आफ्नो वडाअध्यक्ष र सदस्यहरुको संख्याबताउन, वडा भित्रकाप्रमुखजातजातिको सूचीकरण गर्न | - वडा अध्यक्ष र सदस्यहरुको ( जनप्रतिनिधि) संख्या<br>- वडा भित्रकाप्रमुखजातजातिको नामभन्न | - जनप्रतिनिधिहरुको फोटो सहितको नामावली<br>- वडाभित्रका प्रमुखजातिको नामलेखिएको चर्ट | - वडा अध्यक्ष र सदस्यहरुको फोटो प्रदर्शनगरी प्रश्नोत्तर गर्ने ।<br>- वडा भित्रकाप्रमुखजातिहरुको बारेमा समूहगत छलफल गर्ने ।<br>- वडा कार्यालयको स्थलगत भ्रमण । | - तपाइँबसोबास गरेको वडाको जनप्रतिनिधीहरुको संख्याकति छ ?<br>- तपाइँको वडामा बसोबास गर्ने प्रमुखजातिहरु कुन-कुनहुन् ?<br>- खाली ठाउँ भर्नुहोस् । | १६ |

## क्षेत्र ३ : सामाजिक मूल्य मान्यता र संस्कृति

| कक्षा | विशिष्ट उद्देश्य/सिकाइउपलब्धि | विषयको विस्तृतीकरण | शैक्षिक सामाग्री | सिकाइ सहजीकरणप्रक्रिया | मूल्याङ्कनपक्रिया | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|
| १ | - शिष्टतापूर्वक आफ्नो परिचयदिन<br>- आफूलाई मन पर्ने चाडको नामभन्न र कारण बताउन<br>- आफूलाई मन पर्ने साथीको नामबताउन र मेलमिलाप राख्न | - परिवारका सदस्यको आदर र सम्मान<br>- मनपर्ने चाड र मन पर्नुको कारण<br>- साथीको परिचय र मेलमिलाप | - आदर सत्कार, माया, ममता, जनाउने चित्रात्मकपोष्टर<br>- चाड पर्वसँग सम्बन्धितचित्र | - सहभागीलाई समूहमाविभाजन गरेर पोष्टरमा जस्तै आदर र सम्मान गरेको अभिनयअभ्यास गराउने<br>- माया, ममतातथा शिष्टचार प्रदर्शन गर्ने<br>- शब्दहरु स-स्वर वाचनअभ्यास गराउने<br>- चाडपर्वसँग सम्बन्धित भिडियो देखाउने | - अवलोकन (व्यवहार)<br>- अभिनयअभ्यास<br>- स-स्वर वाचन गर्नुहोस्<br>- दैनिकव्यवहारमा प्रयोग हुने शिष्टाचारका शब्दहरु (माया, आराम, सञ्चै) | १८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | - मनपर्ने साथीको पालैपालो नामभन्नलगाउने | | |
